# पचालझरना शैक्षिक रुपान्तरण अभियान सञ्चालन
## कार्यविधि-२०८०

पचालझरना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पडेक्षा,कालिकोट

## कर्णाली प्रदेश

# पचालझरना शैक्षिक रुपान्तरण अभियान सञ्चालन कार्यविधि, २०८०

<u>प्रस्तावना</u> :गुणस्तरीय शिक्षा बिना सर्वाङ्गिण विकासको परिकल्पना गर्न सकिदैन । शिक्षाको विकास मार्फत नै अन्य क्षेत्रको विकासले गति लिन सक्ने भएकोले यस पचालझरना गाउँपालिका अन्तरगत स्थापित तथा संचालित सम्पुर्ण सामुदायिक विद्यालयहरुको शिकाइ उपलब्धि वृद्धि गर्न, सरोकारवाला निकायलाई थप जिम्मेवार र जवाफदेहि वनाउन तथा आम जनसमुदायका छोराछोरीको गुणस्तरीय शिक्षाको अधिकारलाई सुनिश्चित गर्नु वान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को अधिकार प्रयोग गरि पचालझरना गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> १) यो कार्यविधिको नाम "**पचालझरना शैक्षिक रुपान्तरण अभियान सञ्चालन कार्यविधि, २०८०** "रहेको छ।

२) यो कार्यविधि तत्काल लागू हुनेछ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "अध्यक्ष" भन्नाले पचालझरना गाउँपालिकाको तथा गाउँ शिक्षा समितिको अध्यक्ष सम्झनु पर्छ।

ख) "कार्यपालिका" भन्नाले पचालझरना गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पचालझरना गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(घ)"प्रधानाध्यापक वा प्र अ" भन्नाले सम्बन्धित विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ।

ङ) "वि. व्य. स. "अध्यक्ष" भन्नाले सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ।

च) "शिक्षक" भन्नाले सम्बन्धित विद्यालयमा अध्यापन गर्ने कक्षा शिक्षक वा विषय शिक्षक सम्झनु पर्छ।

(छ) "संयोजक" भन्नाले विषयगत समितिको संयोजक सम्झनु पर्छ।

(ज) "बाल विकास सहजकर्ता" भन्नाले प्रारम्भिक बाल विकास कक्षामा शिक्षण गर्ने महिला वा पुरुष शिक्षक सम्झनु पर्छ ।

(ज) "विद्यालय " भन्नाले आधारभुत वा माध्यमिक विद्यालय सम्झनु पर्छ ।

पचालझरना शैक्षिक रुपान्तरण अभियान सञ्चालन कार्यविधि-२०८०

परिच्छेद२

**कार्य सम्पादन सम्झौता सम्बन्धि व्यवस्था**

३. **कार्य सम्पादन सम्झौताः** (१) प्रत्येक विद्यालयका प्रधानाध्यापक र गाउँ शिक्षा समितिको अध्यक्ष विच अनुसूचि १ बमोजिमको ढाँचामा कार्यसम्पादन सम्झौता गरिनेछ।

(२) प्रत्येक विद्यालयका प्रधानाध्यापक र शिक्षक बिच अनुसूचि २ बमोजिमको ढाँचामा कार्यसम्पादन सम्झौता गरिनेछ।

(३) प्रत्येक बाल विकास सहजकर्ता र गाउँ शिक्षा समितिको अध्यक्ष विच अनुसूचि ३ को ढाँचामा कार्य सम्पादन सम्झौता गरिने छ ।

४. **कार्य सम्पादन सम्झौताको अवधिः** (१) कार्यसम्पादन सम्झौताको अवधि एक शैक्षिकसत्रको हुनेछ।

(२)प्रत्येक शैक्षिकसत्रमा सम्झौता गरिनेछ।

परिच्छेद३

**कार्यसम्पादन सम्झौता कार्यान्वयनको अवस्था मुल्याङ्कन सम्बन्धी व्यवस्था**

५. **कार्यसम्पादन सम्झौता कार्यान्वयनको अवस्था मुल्याङ्कन** (१)विद्यालयहरुद्वारा लिइने आवधिक परीक्षाहरुद्वारा सम्झौता कार्यान्वयनको अवस्था मुल्याङ्कन हुनेछ।

(२)परीक्षाको नतिजाको साथ साथै समग्र व्यवस्थापकीय सुधारलाई समेत आधार मानि अनुसूचि १ बमोजिमको सम्झौताको कार्यान्वयनको अवस्था मुल्याङ्कन गरिनेछ।

(३) (उपदफा १ र २ मा जुनसुकै कुरा भनिएको भएता पनि गाउँपालिकाले जुनसुकै वखत सम्झौता कार्यान्वयनको अवस्था मुल्याङ्कन गर्न कुनै पनि किसिमको परीक्षा सञ्चालन गर्न सक्नेछ र यस किसिमको परीक्षा सञ्चालनका लागि सहयोग गर्नु विद्यालयको कर्तव्य हुनेछ ।

६. **पुरस्कार र दण्ड सम्बन्धी व्यवस्थाः** (१)कार्यसम्पादन सम्झौताको सफल कार्यान्वयन र असफल कार्यान्वयनलाई आधार मानि सम्बन्धित विद्यालय र प्रधानाध्यापक तथा शिक्षकलाई आवश्यक पुनर्वलको व्यवस्था गरिनेछ ।

(२)सम्झौताको सफल कार्यान्वयन वाध्यकारी हुनेछ र असफल कार्यान्वयनलाई सम्बन्धित व्यक्तिको असक्षमताको रुपमा लिइनेछ ।

(३) समग्र व्यवस्थापन र गुणस्तर सुधारको लागि प्रतिकुल भुमिका खेल्ने शिक्षकलाई सम्बन्धित प्रधानाध्यापकको सिफारिस तथा सल्लाहमा पालिका भित्रको जुनसुकै विद्यालयमा असल अभ्यासको सिकाइको लागि खटाई पठाउन सकिनेछ ।

पचासमाराना शैक्षिक रूपान्तरण अभियान सञ्चालन कार्यविधि-२०८०

(४)सम्झौताको सफलिभुत कार्यान्वयनलाई सुनिश्चित गर्न कार्यसम्पादन सम्झौताको नतिजालाई स्थायी शिक्षकको कार्यसम्पादन मुल्याङ्कनसंग र करार शिक्षकको करार सम्झौता नविकरणसंग जोड्न सकिनेछ।

**परिच्छेद-४**

**<u>१ दिन ३/३ सम्बन्धि व्यवस्था</u>**

७. विद्यार्थीको ज्ञानको दायरा अभिवृद्धि गरि समग्र गुणस्तर सुधारको लागि प्रत्येक शिक्षकले प्रत्येक दिन तिन वटा कुराहरु विद्यार्थीलाई सिकाई त्यी कुराहरुको छुट्टै अभिलेख कायम गर्नुपर्नेछ र विद्यार्थीहरुले उल्लिखित कुराहरु अनिवार्य रुपमा सिकेकै हुनपर्नेछ।

८. **<u>प्रधानाध्यापकको कर्तव्यः</u>** प्रचलित कानुन बमोजिमका अन्य कर्तव्यका साथै यस कार्यविधि बमोजिमको सम्झौता कार्यान्वयन गर्नु तथा गराउनु प्रधानाध्यापकको कर्तव्य हुनेछ।

९. **<u>शिक्षक तथा वाल विकास सहजकर्ताको कर्तव्यः</u>** यस कार्यविधि वमोजिमको सम्झौता कार्यान्वयन गर्नु प्रत्येक शिक्षक तथा बाल विकास सहजकर्ताको हुनेछ।

१०. **<u>कार्यविधिको संशोधनः</u>** यस कार्यविधिमा कार्यपालिकाले आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ र यस कार्यविधिको अनुसूचिहरुमा पचालझरना गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले प्रमुख प्रशासकीय अधिकृतको अनुमति लिएर आवश्यक हेरफेर तथा संशोधन गर्न सक्नेछ।

११. **<u>आवश्यक व्यवस्था गर्न सक्नेः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्यवस्था गरी वाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूचि - १

दफा (३)को उपदफा (१) संग सम्बन्धित

**गाउँ शिक्षा समितिका अध्यक्ष र प्रधानाध्यापक विचको कार्यसम्पादन सम्झौता**

पचालझरना गाउँपालिका कालिकोट अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापन शैक्षिक गुणस्तर सुधारका लागि पचालझरना गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र पचालझरना गाउँपालिका वडा नं ........ स्थित श्री ........................................ विद्यालयका प्रधानाध्यापक (यस पछि दोस्रो पक्ष भनिने) बिच तपशिलका सर्तहरुको अधिनमा रहि यो सम्झौता गरि १ प्रति गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा र १ प्रति विद्यालयमा रहने गरि यस सम्झौताको पूर्ण कार्यान्वयनमा प्रतिवद्ध रहदै यो सम्झौतामा सहिछाप गर्यौं ।

१. विद्यालयको लागि आवश्यक पर्ने आधारभुत स्रोत साधनको व्यवस्थापन पहिलो पक्षले गर्नेछ ।
२. उपलब्ध श्रोत साधनको श्रेष्ठतम उपयोगको सुनिश्चितता दोस्रो पक्षले गर्नु पर्नेछ ।
३. उपलब्ध श्रोत साधनको प्रयोगबाट आफ्नो विद्यालयलाई नमुनाको रुपमा स्थापित गर्न सफल भुमिका दोस्रो पक्षले निभाउनुपर्नेछ ।
४. आफ्नो विद्यालयका प्रत्येक कक्षा तथा विषय शिक्षकसंग सम्झौता गरि पाठ्यक्रमले तोके बमोजिमका क्रियाकलापहरु तथा उद्देश्यहरु पुरा गरेको सुनिश्चितता गर्नु पर्नेछ ।
५. आफ्नो विद्यालयको प्रत्येक विषय र कक्षाको शिकाइ उपलब्धि ६० प्रतिशत भन्दा माथि कायम गर्नु पर्नेछ ।
६. प्रधानाध्यापकले विद्यालयको कुशल नेतृत्व गरि व्यवस्थापकिय र शैक्षिक रुपमा नमुनाको रुपमा स्थापित गर्नुपर्नेछ ।

| | |
|---|---|
| **पहिलो पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
| **नामः** | **नामः** |
| **पदः अध्यक्ष, गाउँ शिक्षा समिति** | **पदः प्रधानाध्यापक** |
| **पचालझरना गाउँपालिका** | **विद्यालयः श्री........................** |

**<u>रोहवर</u>**

| | | |
|---|---|---|
| ..................... | ........................ | ...................... |
| ..................... | ........................ | ...................... |
| **प्रमुख प्रशासकीय अधिकृत** | **शिक्षा प्रमुख** | **वडा अध्यक्ष** |

......................
......................
**वि.व्य.स. अध्यक्ष**

अनुसूची-२

दफा (३)को उपदफा (२) संग सम्बन्धित

**प्रधानाध्यापक र शिक्षक विचको कार्यसम्पादन सम्झौता**

पचालझरना गाउँपालिका कालिकोट अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापन शैक्षिक गुणस्तर सुधारका लागी पचालझरना गाउँपालिका वडा नं ........ स्थित श्री ....................................................... विद्यालयका प्रधानाध्यापक (यस पछि प्रथम पक्ष भनिने) र सोही विद्यालयमा कार्यरत शिक्षक श्री ......................................... (यस पछि दोस्रो पक्ष) बिच तपशिलका सर्तहरुको अधिनमा रहि यो सम्झौता गरि १ प्रति विद्यालय र १ प्रति शिक्षक संग रहने गरि यस सम्झौताको पूर्ण कार्यान्वयनमा प्रतिवद्ध रहदै यो सम्झौतामा सहिछाप गर्यौं ।

१. आफ्नो विषय र कक्षाको सिकाइ उपलब्धी ६० प्रतिशत वा सो भन्दा माथी भएको सुनिश्चित दोस्रो पक्षले गर्नु पर्नेछ ।
२. हरेक दिन ३/३ अनुरुपको क्रियाकलाप र अभिलेखको सुनिश्चितता दोस्रो पक्षले गर्नु पर्नेछ ।
३. पाठ्यपुस्तको अभ्यासमा भएका अधिकतम क्रियाकलापमा विद्यार्थीहरु गर्न सक्ने सुनिश्चितता दोस्रो पक्षले गर्नुपर्नेछ।
४. आफ्नो विद्यालयका प्रत्येक कक्षा शिक्षक तथा विषय शिक्षकसंग सम्झौता गरि पाठ्यपुस्तकले तोके बमोजिमका क्रियाकलापहरु तथा उद्देश्यहरु पुरा गरेको सुनिश्चितता पहिलो पक्षले गर्नु पर्नेछ ।
५. प्रत्येक हप्ता अतिरिक्त क्रियाकलाप हुने सुनिश्चितताको लागि दुवै पक्षले समन्वय गरि कार्यान्वयन गरिनेछ र यसका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन पहिलो पक्षले गर्नेछ ।

**पहिलो पक्षको तर्फबाट**
**नामः**
**पदः प्रधानाध्यापक**
**विद्यालयः श्री...............................**

**दोस्रो पक्षको तर्फबाट**
**नामः**
**पदः शिक्षक**
**विद्यालयः श्री.........................**

**रोहवर**

| ...................... | ........................ | ....................... |
|---|---|---|
| ...................... | ........................ | ....................... |
| **अध्यक्ष गाउँ शिक्षा समिति** | **प्रमुख प्रशासकीय अधिकृत** | **शिक्षा प्रमुख** |

| ....................... | ........................... |
|---|---|
| ....................... | ........................... |
| **वडा अध्यक्ष** | **वि.व्य.स. अध्यक्ष** |

अनूसूचि - ३

दफा (३)को उपदफा (३) संग सम्बन्धित

**<u>गाउँ शिक्षा समितिका अध्यक्ष र वालविकास सहजकर्ता विचको कार्यसम्पादन सम्झौता</u>**

पचालझरना गाउँपालिका कालिकोट अन्तरगत संचालित सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापन शैक्षिक गुणस्तर सुधारका लागि पचालझरना गाउँपालिका शिक्षा समितिका अध्यक्ष (यस पछि प्रथम पक्ष भनिने) र पचालझरना गाउँपालिका वडा नं ........ स्थित श्री ...........................................बाल विकास केन्द्रका सहजकर्ता श्री................................. (यस पछि दोस्रो पक्ष भनिने) बिच तपशिलका सर्तहरुको अधिनमा रहि यो सम्झौता गरि १ प्रति गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा र १ प्रति बाल विकास केन्द्रमा रहने गरि यस सम्झौताको पूर्ण कार्यान्वयनमा प्रतिवद्ध रहदै यो सम्झौतामा सहिछाप गर्यौं ।

१. बाल विकास केन्द्रको लागि आवश्यक पर्ने आधारभुत स्रोत साधनको व्यवस्थापन पहिलो पक्षले गर्नेछ।

२. उपलब्ध श्रोत साधनको श्रेष्ठतम उपयोगको सुनिश्चितता दोस्रो पक्षले गर्नु पर्नेछ।

३. उपलब्ध श्रोत साधनको प्रयोगबाट आफ्नो बाल विकास केन्द्रलाई नमुनाको रुपमा स्थापित गर्न सफल भुमिका दोस्रो पक्षले निभाउनुपर्नेछ।

४. १ शैक्षिक सत्रको समपन पश्चात सिकारुले तपशिलका कुराहरु सिकेको सुनिश्चित दोस्रो पक्षले गर्नेः

    क) क-ज्ञ सम्म पढ्न र लेख्र सक्ने।

    ख) १-१०० सम्म लेख्र र पढ्न सक्ने।

    ग) A-Z लेख्र र पढ्न सक्ने।

    घ) 1-100 पढ्न र लेख्र सक्ने।

    ङ) हप्ताका बारहरु र महिनाका नामहरु नेपाली र अंग्रेजीमा भन्न र लेख्र सक्ने।

**पहिलो पक्षको तर्फबाट**
**नामः**
**पदः अध्यक्ष, गाउँ शिक्षा समिति**
**पचालझरना गाउँपालिका**

**दोस्रो पक्षको तर्फबाट**
**नामः**
**पदः बालविकास सहजकर्ता**
**बा.वि.केः श्री........................**

**<u>रोहवर</u>**

| | | |
|---|---|---|
| ............................. | ........................ | ....................... |
| ............................. | ........................ | ....................... |
| **प्रमुख प्रशासकीय अधिकृत** | **शिक्षा प्रमुख** | **वडा अध्यक्ष** |

...........................
...........................
**बालविकास केन्द्रको व्य.स. अध्यक्ष**